नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ४२०००५१ / ४२००४१३ / ४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc. / io@mowcsc.gov.np
वेबसाईट : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं. :

## शुभकामना सन्देश

प्रत्येक वर्ष २१ सेप्टेम्बरमा मनाइने ३२औं विश्व अल्जाईमर्श चेतना दिवश २०२५ को अवसरमा सम्बद्ध सबैमा शुभकामना व्यक्त गर्दछु। विश्वभर नै सेप्टेम्बर २१ का दिन अल्जाईमर्श रोगको बारेमा आम जनमानसमा जानकारी दिने उद्देश्यले अल्जाईमर्श चेतना दिवश मनाइने गरिएको र यस वर्ष नेपालमा समेत विभिन्न कार्यक्रमको आयोजना गरी मनाईदैछ। आजको यस दिनले ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने हरेक व्यक्ति, ज्येष्ठ नागरिकका परिवार, समाज तथा राष्ट्रले ज्येष्ठ नागरिकको सहज र मर्यादित जीवन यापनको वातावरण निर्माण गर्न आ-आफ्नो भूमिका पहिचान गरी सोही अनुरुप सकारात्मक रुपमा कार्य गर्न प्रेरित गर्नेछ भन्ने विश्वास मन्त्रालयले लिएको छ। दिनप्रतिदिन विश्वव्यापी रुपमा नै ज्येष्ठ नागरिकको जनसंख्या अनुपात वृद्धि हुँदै गएको हुँदा अल्जाईमर्श रोग लाग्ने ज्येष्ठ नागरिकको संख्यामा समेत बढोत्तरी भैइरहेको छ। त्यसैले यस क्षेत्रका लागि जिम्मेवार जोखिमका तत्वहरु र सो बाट बच्ने उपायः रोगको प्रकृति, उपचार पद्धति तथा उचित हेरचाह, खानपान लगायतका विषयमा आम सरोकारवाला संवेदनशील हुनु आवश्यक देखिन्छ। यसको लागि तीनै तहको सरकार, विभिन्न सरोकारवाला निकाय, गैरसरकारी संस्था सहित समुदायस्तरबाट उपयुक्त कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिन्छ।

यस रोगबाट पिडित ज्येष्ठ नागरिकहरुलाई उपयुक्त स्वास्थ्य सेवा लगायतका सामाजिक संरक्षणका कार्यक्रम सञ्चालन गर्न सरकार सक्रिय रहेको छ। यस अनुसारनै सरकारले पिडित ज्येष्ठ नागरिकलाई उपचार खर्चमा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिकलाई सुखी, सम्मानित एवम् सुरक्षित जीवनपद्धतिको लागि सबै किसिमका सेवा सुविधा उपलब्ध गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्न प्रतिवद्ध रहेको छ।

अन्त्यमा ३२ औं विश्व अल्जाईमर्श चेतना दिवशको अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण ज्येष्ठ नागरिकहरुप्रति सम्मान गर्दै अल्जाईमर्श रोगबाट पिडित ज्येष्ठ नागरिकहरुको जीवनयापनमा सहजता ल्याउने र रोग लाग्नै नदिने तर्फ सम्वन्धित परिवार, सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र, स्वास्थ्यकर्मी लगायत सरोकारवाला लागनुपर्ने आजको आवश्यकतालाई मनन गर्दै सबै क्षेत्रबाट आवश्यक पहल हुन अनुरोध गर्दछु। साथै यस क्षेत्रमा प्रत्यक्ष र परोक्ष रुपमा योगदान पु-याउनु हुने सबैमा हार्दिक धन्यवाद दिँदै सम्पूर्ण ज्येष्ठ नागरिकहरुमा सू-स्वास्थ्य र आरोग्यपूर्ण दिर्घजीवनको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद !!**

८२।६।५

लक्ष्मी कुमारी बस्नेत
(सचिव)